Volume 12, Issue 01, 2026. pp. 19–24
Research Article
DOI: https://doi.org/10.3126/shodhmala.v12i1.100371

Shodhmala
शोधमाला

# झोराः बाह्रमगरातको लोपोन्मुख पर्वसङ्गीत

**गोविन्द आचार्य, पि.एच्.डी.**
प्राध्यापक, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय

**लेखसार**

नेपाल बहुजाति, बहुभाषी र बहुसांस्कृतिक देश हो। नेपालमा बसोबास गर्ने जातिहरूका माझ मगर जातिको मौलिक पहिचान छ। मगर जातिलाई बसोबास स्थान र भाषाका दृष्टिले तीन समुदायमा राखी अध्ययन गरिन्छ। मगर जातिको आफ्नै भाषा र संस्कृति छन्। 'झोरा' नेपालका विशेष गरी बाह्रमगरातमा बसोबास गर्ने मगर जातिमा प्रचलित तीज चाडमा गाइने सामग्री हो। मगर जातिमा धेरै प्रकारका चाडपर्वहरू मनाइन्छन्। यस सन्दर्भमा 'तीज' पनि मगर जातिमा मनाइने चाड हो। 'तीज' सामान्यतया शिव परिवारको उपासना गरिने धार्मिक चाड हो। मगर जातिमा तीजलाई धार्मिक चाडका रूपमा मनाउने चलन नभए पनि चेली–माइती मिलन, खानपिन र नाचगान गरेर मनोरञ्जनात्मक अवसरका रूपमा मनाउने प्रचलन छ। 'झोरा' गुरूपरम्परामा आधारित गीतिनाट्य गाथाका रूपमा परम्परित थियो। तर, वर्तमानमा 'झोरा' लोपोन्मुख अवस्थामा पुगेको छ। झोरामा संरचना, विषयवस्तु र सङ्गीत पक्षमा विविधता पाइन्छ। 'झोरा' गीतमा प्रायः प्रकृति चित्रण, शृङ्गार प्रसाधन र जीवनका सुखःदुख आदि विषयवस्तुका रूपमा आउँछन्। यो मगर जातिका महिलाहरूले सामूहिक रूपमा गाइने नृत्यगीत हो। महिलाहरूले प्रस्तुत गर्ने र महिलाकै सिर्जना भएकोले यसलाई नारीलोककाव्य भन्न सकिन्छ। यस आलेखमा स्थलगत अध्ययन र पुस्तकालयीय अध्ययनबाट सङ्कलित झोरा गीतहरूका नमुना प्रस्तुत गर्नुका साथै तिनै गीतहरूका आधारमा विषयवस्तुबको विश्लेषण गरिएको छ।

*मुख्य शब्दावली* : झोरा, ढुट, बाह्रमगरात, मगर

***Article History***
Received: July 10, 2026
Accepted: August 23, 2026

***Cite***
Acharya, G. (2026). झोरा: बाह्रमगरातको लोपोन्मुख पर्वसङ्गीत. Shodhmala *(शोधमाला)*, *12*(1), 19–24. https://doi.org/10.3126/shodhmala.v12i1.100371

## विषयपरिचय

नेपाल बहुजाति, बहुभाषी र बहुसांस्कृतिक देश हो। नेपालमा बसोबास गर्ने जातिहरूमध्ये मगर जातिको मौलिक भाषा र संस्कृति छ। मगर जातिभित्र समेत भाषिक एवम् सांस्कृतिक विविधता पाइन्छ। मगर जातिलाई भाषा र बसोबास स्थानका आधारमा मुख्य तीन वर्गमा राखेको पाइन्छ। डोल्पाको ताराकोट क्षेत्रमा बसोबास गर्ने काइके भाषी मगर, रिडीदेखि पश्चिममा बसोबास गर्ने अठार मगरातका खाम–पाङभाषी मगर र रिडीदेखि पूर्वतिर बसोबास गर्ने बाह्रमगरातका ढुट भाषी मगर गरी तीन वर्ग छन्। माथि उल्लेखित क्षेत्रभित्र पनि भिन्न गाउँगर्खामा बसोबास गर्ने मगर जातिबीच समेत धेरै थोरै भाषिक–सांस्कृतिक भिन्नता उपलब्ध हुन्छ।

मगर जातिमा आफ्नै भाषा, संस्कार, चाडपर्व, पहिरन, परिकार, लोकसाहित्य, कलाशिल्प आदि सांस्कृतिक प्रचलनहरू पाइन्छन्। यस आलेखमा बाह्रमगरातमा बसोबास गर्ने मगर जातिमा मनाइने तीज पर्वमा


Copyright © 2026: Magar Studies Center

गाइने 'झोरा' गीतको विषयमा जानकारी दिने योजना रहेको छ।

बाह्रमगरातमा बसोबास गर्ने मगर जातिमा तीज पर्वका अवसरमा गाइने 'झोरा' गीत लोपोन्मुख अवस्थामा रहेकाले यसको अध्ययन आवश्यक देखिन्छ । प्रस्तुत आलेखमा झोरा' गीतको अध्ययनका क्रममा यसको संरचना कस्तो छ, विषयवस्तु के–के छन् र प्रस्तुतीकरण कस्तो छ भन्ने समस्याहरूलाई केन्द्रमा राखी अध्ययन गरिएको छ।

## अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य बाह्रमगरातमा बसोबास गर्ने मगर जातिमा तीज पर्वका अवसरमा गाइने लोपोन्मुख 'झोरा' गीतको संरचना उदाहरणसहित प्रस्तुत गर्नु, यसका विषयवस्तुको विश्लेषण गर्नु तथा यसको प्रस्तुतीकरणका विविध पक्षबारे जानकारी प्रदान गर्नु रहेको छ।

## अध्ययनविधि

यस अध्ययनमा स्थलगत र पुस्तकालयीय अध्ययनबाट प्राप्त झोरा गीत सम्बन्धी सूचनाहरुलाई उद्देश्य बमोजिम रिचर्ड बाउम्यानको सम्पादन सिद्धान्त र गुणात्मक विधि प्रयोग गरी विश्लेषण गरिएको छ । सम्पादन सिद्धान्तले लोकसाहित्यका विधा निर्धारणमा सहजीकरण गरेको छ भने गुणात्मक विधिका आधारमा गीत सम्पादन गर्ने समाज र झोरामा उपलब्ध हुने विषयवस्तु एवम् प्रस्तुतीकरणको विश्लेषण गरिएको छ । यिनका अतिरिक्त झोरा र आमतीजका गीतका बीच सामन्य रूपमा तुलना गर्दा तुलनात्मक अध्ययन विधि पनि उपयोग गरिएको छ । यस आलेखमा अध्ययनको उद्देश्य बमोजिम बाह्रमगरातमा बसोबास गर्ने मगर जातिमा प्रचलित झोरा गीतको नमुना सङ्कलन गर्ने र तिनै गीतका आधारमा गीतको संरचना, विषयवस्तु र प्रस्तुतीकरणका विषयमा जानकारी दिनु आलेखको अध्ययन सीमा रहेको छ।

## अध्ययनको विमर्श

मगर जातिमा स्थानअनुसार धेरै प्रकारका चाडपर्वहरू मनाउने प्रचलन छ। समान चाडपर्व भएपनि बसोबास स्थानअनुसार मनाउने शैलीमा केही भिन्नता पाइन्छ । मगर जातिमा मनाइने चाडहरूमा माघेसक्रान्ति (प्रायः सबैतिर), छैँगो (डोल्पातिर), पन्ध्र पुस (स्याङ्जातिर), रुङ (डोल्पातिर), श्रीपञ्चमी (बाह्रमगरात, अठारमगरात), यौनाट (बाह्रमगरात), रुङ्मा वा चैती (डोल्पातिर), चैते दसैँ (प्रायः सबैतिर), चण्डी पूर्णिमा (बाह्रमगरात), याचा (डोल्पा), केजा (डोल्पा), नोकोबाङ्गे (अठार मगरात), साउने सक्रान्ति (प्रायः सबैतिर), तीज (अठार–बाह्रमगरात), दसैँ (प्रायः सबैतिर) र तिहार (प्रायः सबैतिर) । बराल मगरका अनुसार (२०५०,पृ.१२०) चण्डी, तिहार र दसैँ मुख्य चाड हुन्। तर, अठार मगरातका सन्दर्भमा दसैँ, तिहार, माघेसक्रान्ति र नोकोबाङ्गे मुख्य चाड हुन् भन्ने देखिन्छ। यहाँ बाह्रमगरातमा प्रचलित तीज पर्व र साङ्गीतिक सामग्री 'झोरा' लाई मुख्य विषय बनाइएकोले मगर जातिमा प्रचलित अन्य सांस्कृतिक सम्पदाहरूका विषयमा चर्चा गरिएको छैन।

नेपाली लोकजीवनमा 'तीज' पर्व भाद्र शुक्लतृतीयाको दिनमा भव्य रूपमा मनाउने परम्परा छ। यसलाई 'हरितालिका' पनि भन्छन् । यो चाड आम रूपमा प्रायः व्रत, पूजा–प्रार्थना, खानपिन र नाचगान गरेर मनाइन्छ । तर, मगर जातिको सन्दर्भमा तीजमा व्रत र शिवपरिवार पूजा–प्रार्थनाको स्थान देखिँदैन। मगर जातिमा तीज चाडमा छोरीचेलीहरूलाई माइतीमा आमन्त्रण गर्ने र मिठो मसिनो खाने खुवाउने प्रचलन छ। बाह्रमगराततिर यस अवसरमा बटुक, सेलरोटी, माछामासु, र जाँडरक्सी खाने खुवाउने प्रचलन छ (बराल मगर, २०५०,पृ.११९) । यस जातिमा 'झोरा' गीत गाएर नाच्ने र 'झोरा' गाउने मेसो नमिले युवायुवती रोदी बस्ने चलन छ (पूर्ववत्) । कतैकतै तीजको अवसरमा मेला लाग्ने चलन पनि थियो । तर, आजकल मेलाको प्रचलन हराएको छ। मगर जातिमा तीज चाडमा आफ्ना विवाहित चेलीबेटीहरूलाई माइतीमा आमन्त्रण गर्नुपर्ने र दसैँमा छोरीचेलीहरू माइती मान्न जानुपर्ने प्रचलन छ (श्रीस मगर, २०७४, पृ.९४) । अतः तीज मगर जातिको महत्त्वपूर्ण चाड हो र यस चाडसँग चेली–माइती मिलन, खानपिन र साङ्गीतिक मनोरञ्जनको साहचर्य हुन्छ। विशेष गरी बाह्रमगराततिर 'झोरा' ले तीज चाड र यस अवसरमा गाइने गीत दुवैलाई

बुझाउँछ। यहाँ तीज चाडमा गाइने 'झोरा' गीतसङ्गीतको विषयमा जाकारी दिइएको छ।

**झोरा गीतका नमुनाहरू**

'झोरा' बाह्रमगरातका मगर जातिमा गाइने गीत भएपनि नेपाली भाषामा छ। यस गीतमा आएका 'सरा' 'सारे' वा 'सारै' शब्दहरू ढुटको 'सार' शब्दबाट बनेका छन्। 'सार' को नेपाली अर्थ 'फूल' हुन्छ। 'झोरा' को अर्थ 'ढोग', 'झोर्के' को अर्थ 'ढोग्नु', 'झोर्लाङ' को अर्थ 'ढोग्छु' वा 'झोर्ले' को अर्थ 'ढोगदिन्छु' हुन्छ (रायमाझी, दुर्गा, व्यक्तिगत कुराकानी, २०८३,४/२८ बाट प्राप्त जानकारी)। अतः महिलाहरू भेला भएर सामूहिक रूपमा गाइने गीत भएको सन्दर्भमा आपसमा अभिवादन गरिने र त्यसपछि गीत आरम्भ हुने हुँदा गीतको नामकरण 'झोरा' भएको हुन सम्भव छ। क

'झोरा' विशेष गरी बाह्रमगराततिर तीज पर्वमा महिलाहरूले प्रायः सामूहिक रूपमा गाइने गीत हो। यसलाई कतै 'झोरानाच' पनि भनेको पाइन्छ। अतः यो गीतमा प्रायः नाच्ने प्रचलन छ (श्रीस मगर, २०६६,पृ.९६)। झोरामा लामा छोटा कथानक हुने हुँदा यसलाई संरचनाका आधारमा गाथा विधामा राख्न सकिन्छ। श्रीस मगरले झोरा गीतिनाट्य गाथालाई विवाहित महिलाहरूले एघार दिनसम्म नाचगान गरी तीजको दिनमा समापन गर्ने परम्परा रहेको जानकारी दिएको पाइन्छ (श्रीस मगर, २०७४,पृ.९४)। तर, झोराको त्यो संरचना र प्रस्तुतिगत परम्परा वर्तमानमा प्राप्त हुन दुर्लभ छ। अहिले उपलब्ध हुने झोरा गीतहरू प्रायः लघु वा मध्यम संरचनामा संरचित छन्। यहाँ केही झोरा गीतहरुको नमना दिइएको छ।

***झोरा गीतको नमुना १***

चायाँ सारे फूलबारे दोहोरी मायाँ
मायाँ कसरी बाँदुला फूलबारे
फोक्के सारे फूलबारे दोहोरी मायाँ
मायाँ कसरी बाँदुला फूलबारे
गुर्दाउली सारे फूलबारे दोहोरी मायाँ
मायाँ कसरी बाँदुला फूलबारे
स्रोतः गंगा सोती, बाघमारे गुन्डले, दाङ

***झोरा गीतको नमुना २***

आँगनै भरि बिस्कुनै सुकायो
बरिलै कुखुरा रम्चायो
त्यै र कुखुरा बेची मैले बिकाएँ
बरिलै सिंदुर झरकाएँ
आँगनै भरि बिस्कुनै सुकायो
बरिलै कुखुरा रम्चायो
त्यै र कुखुरा बेची मैले बिकाएँ
बरिलै सुन झरकाएँ
(आचार्य र रायमाझी, २०७१, पृ.३५०–३५१)

***झोरा गीतको नमुना ३***

हा शिरै सिरफूल वासु देवटा
छुटाइदेउ मेरो शिरै भगुवान
हा शिरै लाउने सिरबन्दी वासु देवटा
छुटाइदेउ मेरो शिरै भगुवान
हा कानै लाउनी सुनिया वासु देवटा
छुटाइदेउ मेरो शिरै भगुवान
हा गलै लाउने कन्ठिया वासु देवटा
छुटाइदेउ मेरो शिरै भगुवान
हा हातै लाउने चुरिया वासु देवटा
छुटाइदेउ मेरो शिरै भगुवान
हा पावै लाउने पाउजु हो वासु देवटा
छुटाइदेउ मेरो शिरै भगुवान
हा लिलै लाउने टिकिया वासु देवटा
छुटाइदेउ मेरो शिरै भगुवान्
हा आँखै लाउने गाजलु वासु देवटा
छुटाइदेउ मेरो शिरै भगुवान
(दुत थापा मगर, २०६६, पृ.५१,)

***झोरा गीतको नमुना ४***

हा बारहमासे सारै फुल्यो फूलै बसायो बामरी
हा मखमली सारै फुल्यो फूलै बसायो बामरी
चेलीको गलै मोहोनी मालै हरियो गुनियो सालै लाऊ पछेउरी

हा बुकी सारे फूलै फुल्यो फूलै बसायो केमारी
हा चाया सारे फूलै फुल्यो फूलै बसायो चमेली
चेलीको गलै मोहोनी मालै हरियो गुनियो सालै लाऊ पछेउरी

हा गुरढाली फूलै फुल्यो बसायो मङ्गली
हा लालुपाते फूलै फुल्यो बसायो तुलसी
चेलीको गलै मोहोनी मालै हरियो गुनियो सालै लाऊ पछेउरी

***झोरा गीतको नमुना ५***

पूर्वैबाट जनती र आयो
कसैको बिहे होली बरिलै
मै छोरीको बिहे होली बरिलै
हा मै छोरीको बिहे होली बरिलै
पश्चिमबाट जनती र आयो
कसैको बिहे होली बरिलै
मै छोरीको बिहे होली बरिलै
हा मै छोरीको बिहे होली बरिलै
उत्तरबाट जनती र आयो
कसैको बिहे होली बरिलै
मै छोरीको बिहे होली बरिलै
हा मै छोरीको बिहे होली बरिलै
(खगी सोमै, पञ्चकुले खिलतपुर, दाङ)

***झोरा गीतको नमुना ६***

हिमालीको डाँडै हा हिमालीको डाँडै मुराली
बजाउने भाइ मेरो हा मुराली बजाउने भाइ मेरो
गण्डकीको नीरतीर हा गण्डकीको नीरतीर
हा बिनायो बजाउने भाइ मेरो
(दुत थापा मगर, २०६६, पृ.५५)

## झोरा गीतको विश्लेषण

झोरा गीत बाह्रमगरातका ग्रामीण महिलाहरूको गीतिसामग्री हो । त्यसैले यसमा ग्रामीण परिवेश र लोकजीवन प्रतिबिम्बित भई आएको छ। यसमा ग्रामीण लोकजीवनले अपनाउने पेसा र सामूहिक सहभागिता जस्ता प्रवृत्तिहरू पनि भेटिन्छन् । यस आलेखमा उद्देश्य अनुरूप सङ्कलित गीतहरुको सीमामा रही विषयवस्तु र प्रस्तुतीहरण विश्लेषण गरिएको छ।

***विषयवस्तु***

'झोरा' बाह्रमगरातका मगर जातिका महिलाहरूले तीज पर्वमा गाइने गीत भएको हुँदा यसमा चेली–माइती, पहिरन र गर्गहनाहरूका प्रसङ्गले ज्यादा महत्त्व पाएका छन् । यसमा ग्रामीण परम्परागत पेसा लोकबाजा, विवाह संस्कार र प्रकृति चित्रण पनि विषयवस्तुका रूपमा आएका छन्। यहाँ उहाहरणसहित विषयवस्तुको विश्लेषण गरिएको छ।

***गर्गहना/पहिरन***

झोरा गीतमा महिलाहरूले लगाउने लुगाकपडा र गर्गहनाहरूको चित्रण भएको धेरै उदाहरण पाइन्छन्। अन्य जातिले गाउने तीज गीतमा पनि यो विषयले मेल खान्छ । झोरामा पाइने गर्गहना र पहिरनको उदाहरण यस प्रकार छन्।

हातै लाउने चुरिया वासुदेवता छुटाइदेऊ मेरो सिरै भगुवान
कानै लाउने सुनिया वासुदेवता छुटाइदेऊ मेरो सिरै भगुवान
सिरै लाउने बरकी वासुदेवता छुटाइदेऊ मेरो सिरै भगुवान
आङै लाउने चोलिया वासुदेवता छुटाइदेऊ मेरो सिरै भगुवान

***परम्परागत पेसा***

नेपाली ग्रामीण जनताहरूको मुख्य पेसा कृषि हो। कृषिभित्र खेतीपाती, पशुपक्षी पालन, माहुरी पालन आदि आउँछन् । सङ्कलित झोरा गीतमा ग्रामीण महिलामा प्रचलित कुखुरा पालन पेसा र त्यसैबाट प्राप्त आयबाट आफ्ना आवश्यकता पूर्ण गरेको सूचना उपलब्ध हुन्छ, जस्तै :

आँगनैभरि बिस्कुनै सुकायो
बरिलै कुखुरा रम्चायो

त्यै र कुखुरा बेची मैले बिकाएँ
बरिलै सिँदूर झरकाएँ
बरिलै सुन झरकाएँ

गीतमा आँगनमा बिस्कुन सुकाएको उल्लेखले धान, मकै, कोदो, गहुँ आदि कुनै पनि सुकाएको सङ्केत गर्नेहुँदा यसबाट धान, मकै, कोदो वा गहुँ खेतीसम्बन्धी सूचना पनि पाइन्छ।

***लोकबाजा***

कुनै झोरा गीतमा ग्रामीण लोकबाजाहरूको विषयमा पनि जानकारी उपलब्ध हुन्छ। यस प्रकारका झोरामा दिदीले भाइको सम्झना गरेको देखिन्छ, जस्तै :

हिमालीको डाँडै हा हिमालीको डाँडै मुराली
बजाउने भाइ मेरो हा मुराली बजाउने भाइ मेरा

प्रस्तुत झोरा गीतका अन्य अन्तराहरूमा बाँसुरी, बिनायो, मादल, मुर्चुङ्गा आदि लोकबाजाहरूको सूचना पाइन्छ।

***विवाह संस्कार***

यस अध्ययनमा सङ्कलित एउटा झोरा गीतमा विवाह संस्कारसम्बन्धी सूचना उपलब्ध हुन्छ। गीतमा विवाहका जन्ती आएको विषय उल्लेख छ। 'जन्ती' नेपाली विवाह संस्कारको अनिवार्य पक्ष हो, जस्तै :

पुरबैबाट जनती र आयो
कसैको बिहे होली बरिलै
मै छोरीको बिहे होली बरिलै

गीतमा चारै दिशाबाट जन्ती आएको देखाइएको छ।

***प्रकृति चित्रण***

नेपाली लोकगीतमा 'प्रकृति' अनिवार्य विषयवस्तुका रूपमा आएको पाइन्छ। झोरामा पनि प्रकृतिका अनेक पक्ष विषयवस्तका रूपमा आएका छन्, जस्तै :

हा बारहमासे सारै फुल्यो फूलै बसायो बामरी
हा मखमली सारै फुल्यो फूलै बसायो बामरी

गीतमा शरद् ऋतुको आसपासमा फुल्ने बामरी, मखपली, गुर्दाउली, चायाँ आदि पुष्पहरू र त्यसले दिने शोभामय वातावरण प्रस्तुत भएको छ। कुनै झोरा गीतमा हिमाली पाखा, मैदान, गण्डकीको किनारा र तराईका फाँट आदि प्रकृतिप्रदत्त सम्पदाहरूको चित्रण भएको पाइन्छ। यी सबै झोरा गीतका विषयवस्तुका रूपमा आएका छन्।

***प्रस्तुतीकरण***

'झोरा' गीतका सर्जक र प्रस्तोता मगर जातिका नारीहरू हुन्। झोरा गीत तीज पर्वको अवसरमा महिलाहरू भेला भएर सामूहिक रूपमा गाउँछन्। यो गुरुपरम्परामा आधारित भएको सन्दर्भमा कथात्मक झोराहरू गुरुमाबाट सिक्ने सिकाउने परम्परा भएको बुझिन्छ। तर, हाल त्यो परम्परा प्रायः लोप भएको छ। यसको गायनमा मादल आदि तालबाजा प्रयोग गर्न सकिन्छ, तर गाउनेहरूले नै ताली बजाएर ताल छोपेको पाइन्छ। झोरामा प्रायः नाच्ने प्रचलन छ। गीतमा महिलाहरू एकल वा युगल रूपमा नाचेको पाइन्छ। मगर जातिमा 'झोरा' घाँटुको बिच बिचमा पनि गाइन्छ। झोरा र तीजका अन्य गीतहरूको प्रस्तुतीकरणबीच धेरै समानता छ।

'झोरा' गीतमा सङ्गीतात्मकताका दृष्टिले विविधता पाइन्छ। यसमा अनेक भाका, ताल र लय प्रयोग भएको पाइन्छ। गीतमा प्रयोग हुने स्वरहरूको विविधताले गीतको राग–थाटमा विविधता ल्याउँछ। अतः झोरामा पनि विविध प्रकारका स्वर सङ्गम भएको छ। झोरामा प्रायः खेमटा र कहरवा तालको प्रयोग भएको पाइन्छ भने यसमा मध्यलयको बाहुल्य छ। त्यसैगरी अन्य लोकगीतहरूमा जस्तै झोरामा पनि शुद्ध स्वरको प्रयोग भएको गीतको बाहुल्य छ।

पश्चिम दाङको खिलतपुर निवासी खगी सोमैबाट सङ्कलित एउटा झोरा गीतको सङ्गीत स्वरलिपि बनाएर विश्लेषण गर्दा यस प्रकारको अवस्था देखिएको छ (आचार्य र रायमाझी, २०७४, पृ.६५ र ४२९)।

आँगनै भरि बिस्कुनै सुकायो
बरिलै कुखुरा रम्चायो

प्रस्तुत गीत मध्यलयको कहरवा तालमा गाइन्छ। गीतमा 'सा रे ग प ध' पाँचवटा शुद्ध स्वर प्रयोग भएका छन्। यो स्वरसङ्मले गीतमा विलावल थाट निर्माण गरेको छ।

## निष्कर्ष

नेपाल बहुजाति, बहुभाषी र बहुसांस्कृतिक देश हो । वि.सं २०७८ को जनगणना अनुसार यहाँ १४१ जातजाति छन् र १२४ भाषाहरू बोलिन्छ (तथ्याङ्क विभाग, २०७८) । मगर जाति आफ्नै भाषा र संस्कृति भएको घर जाति हो । यस जातिलाई बसोबास स्थान र भाषिक भेदका आधारमा ताराकोटे काइकेभाषी मगर, अठार मगरातका खाम–पाङभाषी मगर र बाह्रमगरातका ढुटभाषी मगर भनी वर्गीकृत गरेर अध्ययन गरेको पाइन्छ । थर–उपथरका आधारमा गरिने वर्गीकरणको बेग्लै पाटो छ । यस अध्ययनमा बाह्रमगरातमा बसोबास गर्ने मगर जातिका महिलाहरूमा प्रचलित 'भ्कोरागीत' को विषयमा जानकारी दिइएको छ।

मगर जातिमा बसोबास स्थानअनुसार अनेक प्रकारका चाडपर्वहरू मनाउने परम्परागत प्रचलन छ। ती चाडपर्वहरूमध्ये 'तीज' पनि महत्त्वपूर्ण चाड हो । तीज नेपालका धेरै जातजातिहरूमा मनाउने चलन छ । सामान्यतया 'तीज' मा शिव परिवारको उपासना, चेली माइती मिलन र सङ्गीतमय मनोरञ्जनले महत्त्व राख्छन्। तर, बाह्रमगरातका मगर जातिमा पूजा–व्रत आदि धार्मिक विषयले महत्त्व राख्दैन । यस जातिमा चेली माइती मिलन र भ्कोरा गीत गायनले महत्त्व राख्दछ। तर वर्तमान अवस्थामा 'भ्कोरा' गीत लोपोन्मुख अवस्थामा पुगेको छ। त्यसैले यस आलेखमा लोपोन्मुख 'भ्कोरा' गीतको संरचना कस्तो छ ? यसको विषयवस्तु के कस्ता छन् र कसरी प्रस्तुत गरिन्छ ? भन्ने समस्याहरूलाई केन्द्रमा राखेर आलेख तयार गरिएको छ।

बाह्रमगरातमा बसोबास गर्ने मगर जातिमा प्रचलित भ्कोरा गीतका नमुना दिनु र ती गीतहरूलाई विषयवस्तु र प्रस्तुतीकरणका आधारमा विश्लेषण गर्नु यसका सीमा हुन्।

प्रस्तुत आलेखमा मगर जातिमा प्रचलित चाडपर्वहरूको नाम उल्लेख गर्दै तीज चाडको परिचय दिइएको छ । त्यसपछि सङ्कलित भ्कोरा गीतका ६ वटा नमुना दिई ती गीतहरूका आधारमा विषयवस्तु र प्रस्तुतीकरण विश्लेषण गरिएको छ। भ्कोरामा उपलब्ध सूचनाहरूका आधारमा गर्गहना तथा पहिरन, परम्परागत पेसा, लोकबाजा, विवाह संस्कार र प्रकृति चित्रणलाई विषयवस्तुका रूपमा विश्लेषण गरिएको छ। विवेच्य भ्कोरा गीत नारीहरूको सामूहिक गायनमा प्रस्तुत गरिने गीत हो। विषयवस्तु र प्रस्तुतीकरणका दृष्टिले तीज पर्वमा अन्य समुदायमा गाइने गीत र भ्कोराका बीच धेरै समानता छ। यस आलेखमा भ्कोरा गीतको सङ्गीत पक्षको पनि सङ्क्षिप्त विश्लेषण गरिएको छ। यस आधारमा 'भ्कोरा' शुद्ध स्वर प्रयोग हुने प्राय: कहरवा र खेमटा तालमा बद्ध मध्यलयमा गाइने गीत हो भन्ने देखिन्छ।

## सन्दर्भ सूची


आचार्य, गोविन्द र दुर्गा रायमाझी. (२०७४). *मगर जातिको लोकगीत तथा लोकसङ्गीत.* नेपाल म्यूजिक सेन्टर।

तथ्याङ्क विभाग. (२०७८). *नेपाल सरकार. राष्ट्रिय जनगणना २०७८ को परिणाम.* जनसङ्ख्या मन्त्रालय।

दुत थापा मगर, टोलबहादुर. (२०६६). *पुरानो लोकसंस्कृति.* लेखक।

बराल मगर, केशर जंग. (२०५०). *पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरूको संस्कृति.* नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान।

श्रीस मगर, मीन. (२०६६). *पश्चिमाञ्चल विकास क्षेत्रका मगर समुदायमा प्रचलित लोकनृत्यको वर्तमान अवस्था र चुनौतीहरू.* मगर अध्ययन केन्द्र।

श्रीस मगर, मीन. (२०७४). *गलकोट खुवाक्षेत्रको मगर संस्कृति.* आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान।